कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय, कालीकोट

फोन नं. ०८७-४४०३७१
इमेल: sdokalikot@gmail.com

पत्र संख्याः २०८२/०८३
च.नं:

मितिः २०८२/०६/२४

## कालिकोट जिल्लास्तरीय छात्रवृत्ति सम्बन्धी सूचना।

प्रस्तुत बिषयमा चालु आ. व. २०८२।०८३ मा यस कार्यलयको वार्षिक बजेट तथा कार्यक्रम अनुसार कालिकोट जिल्लाको लागि तपसील बमोजिमका छात्रवृत्ति वितरणका लागि एकिकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि २०८१ को दफा ६ बमोजिम मिति २०८२।०६।२४ गते देखि २०८२।०७।१३ गतेसम्म (२१दिने) म्याद राखि सूचना प्रकाशन गर्ने निर्णय भएकोले देहायमा उल्लेखित छात्रवृत्ति प्राप्त गर्न कालिकोट जिल्लामा स्थायी बसोबास भई नेपाल भित्रका शैक्षिक संस्थाहरुमा अध्ययनरत तथा एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ मा भएबमोजिमका आधारहरु पुरा भएका विद्यार्थीहरुले यस कार्यलयमा उपस्थिति भई तोकिएको छात्रवृत्ति फारम भरी उल्लेखित मिति भित्र यस कार्यालयमा आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसीलः**

| क.सं | छात्रवृत्तिको नाम | छात्रवृत्ति प्रदान गरिने विषय/तह | कोटा जना | दर रकम | आवेदन फारम साथ बुझाउनुपर्ने कागजातहरु |
|---|---|---|---|---|---|
| १. | प्राविधिक छोरीबुहारी छात्रवृत्ति | प्राविधिक विषय/३ वर्षे डिप्लोमा/प्रमाणपत्र तह वा सो सरह (कृषि, स्वास्थ्य, पशु विज्ञान, वन विज्ञान, इन्जिनियरिङ र सुचना प्रविधि) | २० जना | ५० हजार | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि/नागरिकता प्राप्त गर्न उमेर नपुगेका विद्यार्थीको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।<br>२. बुहारीको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि।<br>३. सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात।<br>४. मान्यता प्राप्त सामुदायिक शिक्षण संस्थाबाट SEE/SLC परीक्षा उत्तीर्ण प्रमाणपत्र।<br>५. नियमितरुपमा अध्ययनरत रहेको र शिक्षण शुल्क बुझाएको तथा अन्य कुनै निकायबाट छात्रवृत्ति वा निःशुल्क वृत्ति नपाएको व्यहोराको अध्ययनरत शैक्षिक संस्थाको सिफारिसपत्र।<br>६. SEE/SLC उत्तिर्ण गरेको विद्यालय सरकारी/सामुदायिक हो भनी शिक्षा विकास तथा समन्वय इकाईको सिफारिस पत्र।<br>७. आवेदक स्वंयमको व्यक्तिगत खाताको चेकको प्रतिलिपि<br>८.कागजातहरु स्वंयमले प्रमाणित गर्नुपर्नेछ । |

06/24

अबिराज शाही
सामाजिक विकास अधिकृत

CamScanner

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय, कालीकोट

फोन नं. ०८७-४४०३७१
इमेल: sdokalikot@gmail.com

पत्र संख्या: २०८२/०८३
च.नं:

मितिः २०८२/०६/२४

क्र.म.श......

| | | | | | |
|---|---|---|---|---|---|
| २ | उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति | सबै विषयमा स्नातक वा स्नातकोत्तर अध्ययनरत | १० जना | २४ हजार | १. नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि<br>२. सम्बन्धित निकायबाट जारी भएको अपाङ्गता प्रमाणपत्र।<br>३. सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात।<br>४. नियमितरुपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको भनी अध्ययनरत शैक्षिक संस्थाको सिफारिस।<br>५. अध्ययनरत तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्रहरु।<br>६. आवेदक स्वंयमको व्यक्तिगत खाताको चेकको प्रतिलिपि ।<br>७. कागजातहरु स्वंयमले प्रमाणित गर्नुपर्नेछ । |
| ३ | उच्च शिक्षा दलित छात्रवृत्ति | सबै विषयमा स्नातक वा स्नातकोत्तर अध्ययनरत | १५ जना | २४ हजार | १. नेपाली नागरीकको प्रमाणपत्रको प्रतिलिपि।<br>२. नेपाल सरकारबाट सूचीकृत नभएको दलितका हकमा जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र।<br>३. सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात।<br>४. नियमितरुपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको भनी अध्ययनरत शैक्षिक संस्थाको सिफारिस।<br>५. अध्ययनरत तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्रहरु।<br>६. आवेदक स्वंयमको व्यक्तिगत खाताको चेकको प्रतिलिपि<br>७. कागजातहरु स्वंयमले प्रमाणित गर्नुपर्नेछ । |

**नोटः** छात्रवृत्तिका लागि भर्नुपर्ने आवेदन फाराम, एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि २०८१ र अन्य कुनै विषयमा दुविधा भएमा जानकारी लिन यस सामाजिक विकास कार्यालय कालिकोटको फोन नं. ०८७-४४०३७१ सम्पर्क गर्नुहुन वा सुचना अधिकारी श्री बिमला के. सी. ९७४२३६८७४७ मा सम्पर्क राख्नहुन सम्वन्धित सबैमा पूनः जानकारी गराइन्छ।

अभिराज शाही
सामाजिक विकास अधिकृत